# दक्षिणकाली नगरपालिका

दक्षिणकाली नगरपालिका

# नगर राजपत्र

खण्डः ०२ | संख्याः ०६ | मितिः असार २४ गते, २०७५


## भाग-१

## दक्षिणकाली नगरपालिका

### दक्षिणकाली नगरपालिकाको
### प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमितगर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दक्षिणकाली नगर पालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम दक्षिणकाली नगर पालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन दक्षिणकाली नगरपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा**ः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) ऐन भन्नाले दक्षिणकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) कार्यपालिका भन्नाले दक्षिणकाली नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) नगरपालिका भन्नाले दक्षिणकाली नगरपालिका सम्झनु पर्छ ।

(घ) सभा भन्नाले दक्षिणकालीको अधिनमा रही गठन भएको दक्षिणकाली नगरसभा सम्झनु पर्छ ।

(ङ) सभा भन्नाले संविधानको धारा २२३ को अधिनमा रही गठन भएको दक्षिणकाली नगरसभा सम्झनु पर्छ ।

(च) संविधान भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार**ः (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने**ः (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

प्रमाणीकरणः २०७५ असार २४ गते

मूल्य रू. १०/-

आज्ञाले

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत